बैठक संख्या : १४ स्थान : राप्ती न.पा. ७ नं. वडा कार्यालय (सभाहल)

मिती : २०७४।९।२ गते समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ं११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रशतावहरु :**

१. अघिल्लो बैठकको निर्णय पुनरावलोकन सम्बन्धमा ।
२. सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा ।
३. सार्वजनिक जग्गा संरक्षण र पहिचान गर्ने सम्बन्धमा ।
४. बजार अनुगमन सम्बन्धमा ।
५. फोहोर व्यवस्थापन सम्बन्धमा ।
६. स्वास्थ्य विमा सम्बन्धि ।
७. चिम्नी भट्टा र टेम्फु व्यावसायी संचालक सम्बन्धमा ।
८. भाडामा लिएको गाडी सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ हाल सम्म गरिएका कामको सम्बन्धमा छलफल हुँदा राप्ती नगरपालिकाबाट सम्पादन गरिएका कामका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिइयो । प्राविधिकबाट समय नभएको कारण दर्शाई काममा अत्यन्त ढिलो हुन गएकोले समस्याको तत्काल समाधान गर्न नगरपालिकाले आवश्यक कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा नगरपालिकाबाट संचालन गरिएका काम र भावी कार्यक्रमको सम्बन्धमा सर्वसाधारण र सरोकारवालहरुलाई जानकारी गराई राय सुझाव प्राप्त गर्न मिति २०७४।०९।२१ गते शुक्रबार दिनको १:०० बजे राप्ती नगरपालिका-५, तरकारी मण्डीमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव ३ सार्वजनिक जग्गा संरक्षण र पहिचान गर्ने सम्बन्धमा उपप्रमुख श्री इमान सिंह लामा ज्यूको संयोजकत्वमा गठित समितिले गरेको काम कारवाहीको सम्बन्धमा जानकारी लिइयो र उक्त समितिबाट ०७४ पौष मसान्त सम्ममा प्रारम्भिक प्रतिवेदन प्राप्त भए पछि बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ बजार अनुगमन सम्बन्धमा छलफल हुदा नगरपालिका भित्र बेचबिखन हुने पानीपुरी चटपटे जस्ता खानामा अमिलो रासायनिक पदार्थ राख्ने गरेको र सो स्वास्थ्यको लागि हानिकारक रहेको भन्ने बुझिन आएको र बजार क्षेत्रमा विक्री वितरण भई रहेको मासुको गुणस्तर खान योग्य नभएको भन्ने सर्वधारण उपभोक्ताबाट समेत गुनासो प्राप्त हुन आएको हुँदा तत्काल सबै वडाका वडा अध्यक्ष ज्यूको संयोजकत्वमा सम्बन्धित सरोकारवाला र विषय विशेषज्ञको टोलीले गठन गरी सो टोलि अनुगमन गरि कैफियत देखिन आएको विषयमा तत्काल नियन्त्रण र सुधार गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल हुँदा नगरको सरसफाई तर्फ विशेष ध्यान दिदै फोहोर व्यवस्थापनको लागि राप्ती नगरपालिका वडा नं.-७ बाघदेवी सामुदायिक बनको उपयुक्त स्थानको पहिचान गरी सो स्थानमा फोहोर विसर्जन गर्दा अन्य कुनै वातावरणीय वा अन्य कही कसैलाई प्रतिकुल असर पर्छ वा पर्दैन अध्ययन गर्न नगर कार्यपालिकामा सबै सदस्य एवं पदाधिकारीहरु स्थलगत निरिक्षण गर्न जाने र अर्को बैठकमा सो सम्बन्धि आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ स्वास्थ्य बिमा कार्यक्रमलाई व्यापक प्रचार प्रसार गरी नगरबासीलाई सो सुविधा उपभोग गर्न उत्प्रेरणा जगाउने कार्यमा सबै सहयोग गर्ने र नगरपालिका भित्र रहेको विमा एजेन्टहरुसँग बैठक गरी वडा/वडा र बस्ती/बस्तीमा बीमा कार्यक्रम पुर्‍याउन सुझाव तथा निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगरपालिका भित्र रहेका सबै इट्टा चिम्नी भट्टाहरुलाई सहज र सरल तरिकाले सञ्चालन र समन्वय गर्न संचालकहरुसँग निजहरुका समस्या नगरपालिकाले गर्नुपर्ने कार्यबारे छलफल गर्ने र नगरपालिका भित्र रहेका टेम्पुहरुको पार्किङ स्थल, चल्ने भाडादर निर्धारण तथा नगरपालिका अभिलेख राख्ने कार्यको लागि नगरपालिकाले समन्वय बैठक राखी आवश्यक व्यवस्था मिलाउन पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव न.. ८ माथि छलफल गर्दा निर्वाचित जनप्रतिनिधिको बहाली हुदा आ.व.को करिव अन्तिम समय भई सकेकोले योजनाको अनुगमन कार्यको लागि तत्काल सवारी साधन १ व्यवस्था गर्न आवश्यक भएका र आ.व. समाप्ती पश्चात पनि विभिन्न योजनाहरुको निरन्तर योजना अनुगमन गर्नुपर्ने भएकोले राप्ती नगरपालिका वडा नं. ३ झुरझुरे बस्ने श्री देवराज पाण्डेसँग चालक सहित मासिक रु १२२०००। (अक्षेरुपी एक लाख बाइस हजार मात्र)मा ८ सिट भएको बा.१६.च. ३८४० को स्कारपियो गाडी भाडामा लिने गरी नगरपालिका कार्यालयबाट मिति २०७४।०४।०१ मा गरिएको सम्झौताको अनुमोदन गरी कार्यालयको बढ्दो प्रशासनिक खर्चलाई मध्येनजर गरी उक्त गाडी मिति २०७४।०९।०३ देखी सम्झौता रद्ध गरी फिर्ता गर्ने निर्णय गरियो ।